राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि


वर्ष– ३१, अङ्क– २९, फागुन ८ गते शुक्रबार, २०८२ (20 February, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# मुख्य दलहरूका चुनावी प्रतिबद्धता–विश्लेषण

## सहकारी हिनामिनामा रास्वपा 'नरम', कांग्रेस–एमाले 'गरम', 'नेकपा सन्तुलित'

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट सरकारको नेतृत्व लिने दावी गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफूहरू सरकारमा पुगेको सय दिनभित्र साना बचतकर्ताहरूको खातामा उनीहरूको डुबेको बचत रकम फिर्ता गर्ने 'वाचा' गर्दै चुनावी प्रतिस्पर्धामा उत्रिएको छ। सहकारी ठगीको अभियोगमा सजाय खेपिरहेका र भखरै मात्र विभिन्न पाँच जिल्लामा धरौटी र केहीमा बिगो समेत बुझाएर छुटेका रवि लामिछाने सभापति रहेको रास्वपाले बिहीबार सार्वजनिक गरेको 'वाचापत्र' मा समस्याग्रस्त सहकारीका सञ्चालककलाई जेल हाल्ने नभई बचतकर्ताको पैसा फिर्ता




गराउनु आफ्नो उद्देश्य रहेको दावी गरिएको छ। 'हाम्रो उद्देश्य सञ्चालकहरूलाई जेल हाल्नु मात्र होइन, बरु बचतकर्ताको पैसा फिर्ता गराउनु हो; त्यसैले, 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप कुनै सहकारी/ वित्तीय संस्थाका सञ्चालक वा व्यवस्थापन पक्ष बचतकर्ताको रकम फिर्ता गर्न तयार छन् र उनीहरूसँग भरपर्दो स्रोत एवं योजना छ भने 'मिलापत्र' का लागि कानुनी बाटो प्रशस्त गरिदिनेछौं। यस्तो अवस्थामा बचत फिर्ताको पूर्ण ग्यारेन्टी र समय सीमा तोकेर उनीहरूलाई थुनाबाहिरै रहेर सम्पत्ति परिचालन र ऋण असुली गर्ने अवसर दिनेछौं'ऋबस- वाचा पत्रमा उल्लेख छ।

रास्वपा सभापति एवं चितवन- २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार लामिछाने आफैं सहकारी ठगी आरोपमा पाँचवटा जिल्ला अदालतमा मुद्दा खेपिरहेका पात्र हुन्। लामिछानेविरुद्ध कास्कीमा सूर्यदर्शन सहकारी, काठमाडौंमा स्वर्णलक्ष्मी सहकारी, चितवनमा साहारा सहकारी, रूपन्देहीमा सुप्रिम सहकारी र पर्सामा सानोपाइला तथा ऋण सहकारीको बचत रकम हिनामिना गरेको आरोपमा उनीमाथि मुद्दा चलिरहेको छ। लामिछाने केही अघि मात्रै कास्की जिल्ला अदालतमा

क्रमशः अन्तिम पृष्ठमा

# नेकपाको चुनावी प्रतिबद्धतापत्र: के–के छन् प्राथमिकतामा ?

**काठमाडौं ।** प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ मा हुने निर्वाचनका लागि 'तारा' चुनाव चिह्न लिएर मैदानमा उत्रिएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले प्रमुख दलहरूमध्ये सबैभन्दा पहिले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ।

'सुशासन र रोजगारी, समाजवादको तयारी' तथा 'राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी' भन्ने मूल नाराका साथ स्वाधीन र समृद्ध नेपाल निर्माणको मार्गचित्र प्रस्तुत गरेको नेकपाले 'प्रतिबद्धतापत्रमा राजनीतिक स्थिरता, नयाँ चरणको आर्थिक सुधार, सामाजिक न्याय र भ्रष्टाचार नियन्त्रण' लाई प्रमुख आधारस्तम्भ बनाएको छ। सो पार्टीले विगतका राजनीतिक परिवर्तनहरूको नेतृत्व आफूले गरेको दाबी गर्दै अब देशको आर्थिक र सामाजिक अवस्था बदल्ने संकल्प गरेको पार्टीले राजनीतिक स्थिरता र शासकीय सुधार पार्टीले विद्यमान निर्वाचन प्रणाली खर्चिलो र भ्रष्टाचार बढाउने भएकाले त्यसमा व्यापक सुधार गर्ने प्रस्ताव राखेको छ।

सो प्रतिबद्धतापत्रमा 'जेन-जी' पुस्ताको मर्म र मुलुकको आवश्यकता अनुरूप शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिमार्जन गरिने' उल्लेख छ। यसअन्तर्गत सानो आकारको मन्त्रिपरिषद गठन गर्ने, सांसदलाई विधायकी भूमिकामा सीमित राख्ने र शक्ति सन्तुलनका आधारमा अधिकार बाँडफाँड गर्ने योजना प्रस्तुत गरिएको छ।

भ्रष्टाचार नियन्त्रण र सुशासन सुशासनलाई मुख्य लक्ष्य बनाउँदै सार्वजनिक पदमा रहेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्ने एक वर्षभित्र 'उच्च स्तरीय सम्पत्ति छानबिन आयोग' गठन गर्ने प्रतिबद्धता गरिएको छ। भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने, अख्तियार र शतर्कता केन्द्रलाई एकीकृत गरी 'लोकपाल' गठन गर्ने तथा डिजिटल प्रशासनमार्फत सरकारी सेवालाई फेसलेस र पेपरलेस बनाउने योजना उल्लेख छ।

यसैगरी, आर्थिक सुधारअन्तर्गत दोहोरो अंकको वृद्धि र रोजगारी आगामी पाँच वर्षभित्र १० प्रतिशतभन्दा माथि आर्थिक वृद्धिदर हासिल गर्ने र वार्षिक ५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ। बहुआयामिक गरिबी २०.१५ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने योजना छ। १ लाख युवालाई उद्यमी बनाउने, वैदेशिक लगानी उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने, स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने र व्यापार घाटा न्युनिकरण गर्ने रणनीति पनि प्रस्तुत गरिएको छ। कृषि र भूमि व्यवस्थामा क्रान्तिकारी कदम आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गर्दै दुई वर्षभित्र प्रमुख खाद्यान्नमा आत्मनिर्भर हुने योजना राखिएको छ।

किसान पेन्सन, समर्थन मूल्यको अग्रिम घोषणा र कृषि बीमा ग्यारेन्टी गर्ने प्रतिबद्धता गरिएको

क्रमशः पाँचौं पृष्ठमा

# कम्युनिस्ट संस्कार र पारदर्शिताको खाँचो

### समय- सन्देश

**राम कार्की 'पार्थ'**

**'कम्युनिस्ट हुँ भन्नु गर्वको कुरा'**

'म कम्युनिस्ट हुँ' भन्नुभन्दा गौरवको कुरा संसारमै केही छैन । म कर्णेलको छोरा हुँ, उच्च जातिको हुँ, धनीमानीको छोरा हुँ इत्यादि भन्नुभन्दा कम्युनिस्ट हुँ भन्नुजस्तो गतिलो कुरा केही पनि छैन ।

तर, कम्युनिस्ट हुँ भन्नु र तदनुरूप व्यवहार गर्नु सजिलो र चानचुने कुरा होइन । म कम्युनिस्ट हुँ भन्नुको अर्थ अन्याय, भेद्भाव र अत्याचारको विरोधी तथा न्याय, समानता र मुक्तिको पक्षधर हुँ भन्नु नै हो । त्यसो भन्नुको अर्थ मेरो मुक्तिको संसार भनेको मानिस मात्रै होइन, म त प्राणी–वनस्पतिको सन्तुलनसहित समग्र पृथ्वीलाई नै बस्नलायक बनाउन चाहन्छु भन्नु पनि हो ।

यस अर्थमा कम्युनिस्ट हुँ भन्नुको अर्थ म क्लाइमेट आर्मी पनि हुँ; कम्युनिस्ट हुनुका नाताले म महिला, दलित, गरिव, मजदुर, किसानको मुक्तिको पक्षधर हुँ; त्यस सँगसँगै यस संसारका समग्र प्राणीको संरक्षण, सम्बर्द्धन गर्ने सिपाही हुँ । त्यसैले कम्युनिस्ट हुँ भन्नुभन्दा गौरवको विषय संसारमा केही छैन ।

**फुर्को जोड्नु जरूरी छैन**

कम्युनिस्ट शब्दावली आफैंमा पूर्ण शब्द हो, यसमा अरू कुनै फुर्को जोड्नु पर्दैन । कतिपयले कम्युनिस्टका अगाडि विभिन्न विशेषण जोड्ने गरेको पाइन्छ । उदाहरणका लागि- क्रान्तिकारी कम्युनिस्ट । यस्तो देख्दा–सुन्दा मलाई हाँसो उठ्छ । के विशेषण लगाएको त्यो ? कम्युनिस्ट भन्नु नै काफी छ । कम्युनिस्ट शब्द आफैंमा पूर्ण भएकाले यसमा 'क्रान्तिकारी', 'महिला मुक्तिदायी' जस्ता विशेषणहरूको जरूरत नै पर्दैन ।

कम्युनिस्टले अरूभन्दा अलग के गर्छ ? पुँजीवादले 'म' भन्छ, कम्युनिस्टले 'हामी'

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- २९, फागुन ८ गते शुक्रबार, २०८२

## सम्पादकीय

# घोषणापत्रका बाचा पूरा गरेर देखाऊ !

हरेक चुनावको मुखका प्रत्येक दलले आश्वासनै आश्वासनले भरिएका बाचाबन्धनका पोकाहरू फिँजाउँछन्। चुनावपछि न ती दलहरूले आ-आफ्ना घोषणा र बाचा सम्झन्छन्, न त जनता र कुनै पनि निकायले तिनको परख, मूल्यांकन र खोजीनीति नै गर्दछन्। घोषणापत्र र चुनावी बाचाको आधारमा दल र नेताहरूको परीक्षण गर्ने परिपाटी नै पो हामीकहाँ कहाँ छ र!

हुन त जनताले पनि कुनै दल वा नेताको घोषणापत्र पढेर, सुनेर वा वाचन गरेर भोट दिने गरेको देखिँदैन। कुनै 'लहर' वा 'लहड' वा 'आग्रह' बाट प्रेरित भएर गलत पात्र वा दललाई जिताइदिने र उसले जितेको लगत्तैदेखि थाप्लामा हात राखेर सराप्ने प्रवृत्तिबाट हामी नेपाली मतदाता पटक्कै अघि बढ्न सकिरहेका छैनौं। बरु कुनै व्यक्तिगत या पारिवारिक प्रलोभन, उम्मेदवारसँगको नाता-सम्बन्ध वा स्वार्थ-सम्बन्धका आधारमा मात्र होइन कि नगद, जिन्सी वा 'खानपान' को असाध्यै सस्तो 'मूल्य' मा 'बिक्री' हुने गरेको भन्नेजस्ता निकृष्ट आरोप समेत हामी मतदाताले व्यहोर्दै आएका छौं।

यसै परिप्रेक्ष्यमा, २१ फागुनका लागि तयारी गरिएको निर्वाचनका सन्दर्भमा सबैजसो दलहरूले संस्थागत रूपमा र कतिपय उम्मेदवारहरूले व्यक्तिगत रूपमै समेत चुनावी 'घोषणापत्र' या 'प्रतिबद्धतापत्र' वा 'बाचापत्र' सार्वजनिक गरिरहेका छन्। अब भने हामी सबैले ततत् दल र नेताहरूका यी बाचाहरू तिनको विजयपश्चात के-कसरी कार्यान्वयन हुन्छन् या हुँदैनन्; निगरानी, समीक्षा र मूल्याङ्कन गरेर तदनुरूपको दण्ड र पुरस्कार दिन तत्पर हुनुपर्ने समय आएको छ।

## कम्युनिस्ट संस्कार...

भन्छ। पुँजीवादले होडमा, कम्युनिस्टले सहकार्यमा जोड दिन्छ। पुँजीवाद उछिन्ने कुरा गर्छ, मार्क्सवाद सँगै पुगौं भन्छ। त्यसैले कम्युनिस्ट समाज बनाउनका निम्ति सर्वोत्कृष्ट चाहिँदैन।

### समाजले आफैं तय गर्दै जान्छ

कार्ल मार्क्सभन्दा पहिलेका र कतिपय त्यसपछिका मानिसहरु समेतले समाजवाद अर्थात् समानतायुक्त, समुन्नत र भेदभावरहित सर्वोत्तम समाजको कल्पना गरेका थिए। स्वप्नदर्शी समाजवादीहरूले त्यसका लागि केही ब्लुप्रिन्ट पनि दिए।

तर, मार्क्सले त्यस्तो ब्लुप्रिन्ट दिएनन्; उनले यथार्थता दिए। उदाहरणका लागि, विवाह पद्धतिका बारेमा मार्क्सले भनेका थिए- अहिले त एकनिष्ठ नै राम्रो देखिन्छ तर भविष्यको पिँढीले नै तय गर्नेछन् कि कस्तो परिवार राम्रो देखिन्छ। त्यसैले क्रान्तिकारीकरण हुँदै गएको र परिवर्तन हुँदै गएको समाजले धेरै कुरा आफैं तय गर्दै जान्छ; पहिले नै ब्लुप्रिन्ट तय गर्नु जरुरी छैन।

### होड होइन, सहकार्यमा जोड

माथि नै उल्लेख गरियो कि पुँजीवादले 'म' भन्छ र कम्युनिस्टले 'हामी' भन्छ; पुँजीवादले होडमा र कम्युनिस्टले सहकार्यमा जोड दिन्छ; पुँजीवाद उछिन्ने कुरा गर्छ र मार्क्सवाद 'सँगै पुगौं' भन्छ। त्यसैले कम्युनिस्ट समाज बनाउनका निम्ति सर्वोत्कृष्ट चाहिँदैन। जस्तै- अहिले पनि क्युबा, फिनल्यान्ड आदिको शिक्षामा सर्वोत्कृष्टता भन्ने नै छैन।

समाजवादले के मान्छ भने प्रत्येक भिन्न-भिन्न व्यक्तिहरूसँग भिन्न प्रतिभा हुन्छन्; तपाईंले त्यो प्रतिभालाई चिन्ने र गोडमेल गर्ने मात्रै हो। विचित्रको कुरा त के छ भने एकदमै राम्रो सङ्गीतकार बन्न सक्ने मानिसलाई हामी इन्जिनियर बनाइदिन्छौं, एकदमै राम्रो फोटोग्राफर बन्न सक्ने मानिसलाई हामी मेडिकल साइन्स पढाउनतिर लाग्छौं; अनि कसरी त्यो प्रतिभा मुखरित हुन्छ? त्यसैले शिक्षक वा अगुवाको काम भनेका त्यही प्रतिभा चिन्नु हो।

हरेक क्षेत्रमा अलग-अलग व्यक्ति अगाडि हुन सक्छन्। त्यसैले समाजवादमा सर्वोत्कृष्ट या होड भन्ने कुरा छैन। समाजवाद सहकार्य हो; यो ठाउँमा हामी सँगसँगै पुग्छौं र हामी सबै मुक्त हुन्छौं भन्ने कुरा हो।

### पारदर्शिताको खाँचो

कम्युनिस्ट संस्कारको मुख्य कुरा नै पारदर्शिता हो। म कसरी खान्छु, कसरी बाँच्छु, कसरी लगाउँछु भन्नेजस्ता कुरालाई एकदमै रहस्यमा राखेपछि त्यसलाई पूजा गर्ने सामन्ती चलनले गर्दा मानिसहरु रहस्यमा बस्न खोज्छन्। जब नेताहरूको कमजोरी अलिकति बाहिर आउँछ, मिडियाले त्यसलाई बेस्सरी लेख्दछ। खतरा महसुस गर्नेबित्तिकै नेताहरूले पनि चिप्लेकीरा वा कछुवाले टाउको लुकाएजस्तै त्यो कुरालाई लुकाइहाल्छन्। कुनै नेताले म बेलुका एक पेग ह्विस्की खान्छु भन्यो भने त्यसका पछाडि मिडिया यसरी खनिन्छ, पछि उसले भन्न बाध्य हुन्छ- मैले त खान छोडिसकें। यथार्थमा उता उसको डोजचाहिँ बढेर चार पेग पुगिसकेको हुन्छ। तर, उसले बाहिर आएर चाहिँ मैले खान छोडें भन्छ।

भारतीय लेखिका कमला दासले आफ्नो पुस्तक 'माई स्टोरी' मा लेखेकी छन्- 'मेरो घरमा पाँच जनाको परिवार छ- मेरा बा-आमा, मेरो भाइ, म र महात्मा गान्धी। पाँचौं मान्छेको चाहिँ फोटो मात्रै छ तर घरमा सबैभन्दा बढी ती पाँचौं मान्छेको नै चल्छ। बिहानै आमाले भन्नुहुन्छ- गान्धीको प्रार्थनाको समय भइसक्यो उठ! गान्धीले यो नखानू भन्नुभएको छ; आदि-इत्यादि।' गुजरातको त्यो मलायमभाषी ठाउँमा गान्धीको यो खालको नैतिक प्रभाव परेको छ। गान्धीका धेरै कुरामा मेरा रिजर्भेसन छन्, म 'गान्धीवादी' होइन तर नैतिक प्रभाव कस्तो हुँदोरहेछ भन्ने कुराको त्यो एउटा राम्रो उदाहरण हो।

त्यसैले कसैलाई पारदर्शी बनाउने कुरा समाजका अरु पक्षको पनि हो। सबैजना खुल्ने, सबै पारदर्शी बन्ने र कसैको कमजोरीसहित उसलाई सम्मान गर्ने स्थिति बनाउनु नै कम्युनिस्ट संस्कारको मुख्य सर्त हो। मैले मानेको मानिसका यस्ता-यस्ता कमजोरी पनि रहेछन् भनेर अचम्म मान्ने र त्यसबाट उद्वेलित हुने अहिलेको मनस्थिति फेरिनुपर्छ। हरेक मान्छेसँग कमजोर पक्ष हुन्छ र सबल पक्ष पनि हुन्छ भन्ने ठाउँमा समाज पुग्नुपर्‍यो। त्यो स्थितिमा पुर्‍याउने दायित्व नेताको मात्रै होइन, समग्र समाजकै दायित्व हो। मिडियाको कुरा गरौं, एउटा सानो इस्युमा पनि उसले अति नै गैरजिम्मेवार तरिकाले हमला गर्छ। वास्तवमा कसैको कमजोरी बाहिर आइनु त राम्रै पक्ष हो, ऊसँग रहेका कमजोरी तपाईंले नदेखेको मात्र न हो। त्यसैले पारदर्शिता नै समाजवादको पहिलो खुड्किलो हो।

### नैतिक प्रभावका कुरा

स्वाभाविक रूपमा नेताले दिन सक्ने र छर्न सक्ने भनेको एउटा नैतिक प्रभाव हो। भारतीय लेखिका कमला दासले 'माई स्टोरी' मा लेखेको प्रसङ्गको उदाहरण त माथि नै दिइहालियो।

माओ त्सेतुङले आफ्ना साथी र आफ्नो पङ्क्तिलाई नैतिक बन्धनमा राखिराख्नका लागि युद्धकालमा आफूले प्रयोग गरेको ज्याकेट छाडेनन्। आफूले युद्धकालमा लगाएको ज्याकेट पोलपोटले पनि भिरे। पछिल्लो कालमा पोलपोटलाई जब आफ्नै साथीहरुले बन्दी बनाए, त्यसअघिसम्म पोलपोटको पोसाकमा सधैं त्यही ज्याकेट देखियो। यो पनि नैतिक प्रभावकै कुरा हो। यस्तो नैतिक प्रभाव दूरगामी र अरु कुनै प्रभावभन्दा बलियो हुन्छ।

जर्ज अरवेलले लेखेको एउटा किताब छ, जसलाई कम्युनिस्टहरूले अत्यन्तै घृणा गर्छन्। तर त्यो पढ्नैपर्ने किताब हो किनभने त्यो एकदमै भयानक समाजवादी मानिसले लेखेको हो। कम्युनिस्टसँग विमति राख्ने तर समाजवाद नै चाहने मानिस हुन्, जर्ज अरवेल। रूसको अवस्था देखेर 'एनिमल फार्म' भन्ने त्यो किताब लेखेका हुन् उनले।

एउटा उदाहरण दिऊँ- हाम्रा कतिपय दिदी-बहिनी, आमाहरु 'स्वस्थानी ब्रत' लिने क्रममा पुस-माघको जाडोमा पनि खोलाको चिसो पानीमा नुहाउने गर्छन्। आस्थाका आधारमा उनीरु त्यसो गर्छन्। अरु कुनै तरिकाले, पुलिस लगाएर वा कानुन बनाएर त्यसो गराइएको भए त्यो गर्दैनथे होलान्, बरु दण्ड तिर्थे। धर्मशास्त्र वा रूढीवादबाट आएको 'नैतिक प्रभाव' नै हो त्यो। त्यसकारण हामी सबैले बुझ्नुपर्छ- नेताले दिन सक्ने सबैभन्दा ठूलो कुरा भनेकै नैतिक प्रभाव हो। अरु सबै प्रभावहरूभन्दा प्रभावकारी हुन्छ यो प्रभाव।

### कम्युनिस्ट संस्कार र संस्कृति

कम्युनिस्ट व्यवस्था लागू भइनसकेको अवस्थामा कम्युनिस्ट संस्कार वा संस्कृति आइहाल्दैन। यो विषयमा रूसमा पनि बहस चल्यो। दुनियाँका अधिकाङ्श विषयमा पढेका र अध्ययन गरेका मानिसहरूमध्ये ट्रटस्की पनि एक थिए। 'कम्युनिस्ट नैतिकता' भन्ने उनको एउटा लेख छ। त्यसमा संस्कृति भनेको त्यहाँको राजनीतिक व्यवस्था, अर्थतन्त्रलगायत सबै चिजको समुच्चय हो; त्यसैबाट तयार हुने हो भनिएको छ। तर, कम्युनिस्ट शासन लागू भएको छैन त्यसैले त्यहाँ कम्युनिस्ट संस्कार तयार हुने कुरा भएन। तर, कुन कुरा मानवीय छ, कुन कुराले तपाईंलाई साझा मानवतातिर लैजान्छ? त्यो परिचयलाई दह्रो गरी समाउनुपर्छ। तपाईंलाई धेरै हदसम्म अगाडि लैजाने वर्गीय परिचयले हो, जसले थुप्रै बन्धनहरूलाई काटिदिन्छ। त्यो वर्गीय परिचयपछि जाने त मानवीय परिचयमा नै हो। त्यसैले तपाईंलाई साझा मानवतातिर के कुराले लैजान्छ? त्यस्तो संस्कार, संस्कृति र मूल्यलाई तपाईंले अपनाउनुपर्‍यो।

### व्यवहारमा अभ्यासको कुरा

कम्युनिस्टहरूले प्रतिस्पर्धालाई निषेध गर्छन् र सहकार्यलाई अपनाउँछन्। व्यक्तिवादलाई निषेध गर्छन् र 'हामी' लाई अपनाउँछन्। अब प्रश्न उठ्छ- व्यवहारमा 'हामी' को अभ्यास कसरी गर्ने र यसलाई लागू गर्न कसरी सकिन्छ? त्यसको मूल कडी भनेकै सामूहिक जीवन पद्धति हो।

कम्युनहरु बनाइए तर ती सबै भत्किए अहिले देख्दा। हामीले पनि कम्युन बनायौं रुकुम रोल्पातिर। तर, तिनलाई थाम्न सकिएन। केही बाँकी छन्, बर्दिवासस्थित 'आधारशीला कम्युन' पनि तीमध्येकै एक हो।

जे-जसो गरिए पनि पारदर्शिता नै मुख्य कुरा हो। स्वाभाविक रूपमा जनताले नेताबाट त्यागको आशा गर्छ, त्यो कुरा खोज्छ। सुख-सयल भोग्न र स्रोत-साधनको दोहन गर्न पाइनँ भन्ने कुराले नेतृत्व व्यथित बन्नु हुँदैन। उदाहरणका लागि मलाई नै हेर्नुहोस्। म कुनै आदर्श व्यक्ति होइन; थुप्रै कमी-कमजोरी भएको मानिस हुँ। तर, युद्धको बेलामा वा त्यसपछि पनि मैले कहिल्यै लावालस्कर लगाइनँ। चार-पाँचजना 'गार्ड' लिएर हिँड्ने प्रवृत्ति कहिल्यै राखिनँ। हिजो युद्धकालमा झाडीमा दिसा-पिसाब गर्न जाँदा पनि बन्दुक बोकेका साथीहरुलाई वरिपरि राखेको देखेको छु मैले। अहिले पनि नेतृत्वलाई र जनतालाई समेत त्यस्ता सुख-सुविधा गौण कुरा हुन् भन्ने किसिमबाटै हेर्ने आदत बसाइदिनु पर्‍यो।

हामी तीसौं वर्ष सँगसँगै, एउटै कमिटिमा रहेर काम गरेका मानिसहरु छौं। तर, हामीबीच एकार्कामा के-कस्ता समस्या छन् भन्ने कुरा थाहै हुँदैन। औपचारिक रूपमा मिटिङमा हामीबीच भेट हुन्छ तर मलाई पाँच सय रुपैयाँ चाहियो भने म फुपूको छोरो, मावली खोज्न थाल्छु। छोराको विवाह गर्नुपर्‍यो भने म ससुरालीतिर सोध्न थाल्छु। भनाइको अर्थ के हो भने हामीबीचमा केही पनि सामूहिकता छैन। मलाई केको अभाव छ वा ममा के कमजोरी छ, त्यो कुरा त मेरो कमरेडलाई थाहा हुनुपर्‍यो नि! अनि न बल्ल सामूहिकताको भावनातिर जान सकिन्छ। हो, त्यही कुराको अभाव छ, अर्थात् हामी-हामीबीच पनि पारदर्शिता छैन।

### खाँचो सही राजनीतिक कार्यदिशाको

यी र यस्ता व्यावहारिक समस्या हल गर्ने भनेको राजनीतिक कार्यदिशाले नै हो। हिजो लड्ने राजनीतिक कार्यदिशा लिएको अवस्थामा पत्रकारसँग कुरा गरेर यति घन्टा बिताउने भन्ने त समय नै हुँदैनथ्यो। दस मिनेटमा सबै कुरा सकिन्थ्यो। तर, आज अपनाइएको राजनीतिक कार्यदिशाका सन्दर्भमा त्यो मामिला फरक भएको छ।

त्यसैले मुख्य कुरा भनेको सही राजनीतिक कार्यदिशा हो। त्यसले नै एक-अर्कालाई नजिक ल्याउँछ। त्यसपछिको दोस्रो आधार भनेको नेताको आचरण हो किनकि सबैले पच्छ्याउने वा अनुकरण भनेको त उसैलाई हो।

हिजो युद्धकालमा प्रचण्डले सिलाबरको थालमा भात खाँदा 'नेताले त्यसरी खाएका छन् भने हामी त के' भन्ने भावना जागृत हुन्थ्यो। तर, अहिले त यहाँ कारमा देखेपछि, हाम्रा नेताहरूको गाडीको लाइन अनि हेलिकप्टरको 'सवारी' देखेपछि 'नेता बन्न त हेलिकप्टर पो चढ्नु पर्दोरहेछ' भन्ने भावना स्वाभाविक रूपमा आउँछ। त्यसैले नेताको आचरण भन्ने कुरा जीवन दर्शनसँग पनि जोडिएको मामिला हो।

नेतृत्वले आफ्नो आचरण, व्यवहार र जीवनशैलीलाई सरल र सामान्य बनाउन सक्नुपर्छ। जनताका माझ जाँदा चार-पाँचवटा गाडी लिएर लावालस्करका साथ जाने, मधेसतिर जाँदा त अझ गम्छा काँधमा भिर्ने, आठ-दसजना युवाहरु वरिपरि राख्ने र तिनै युवाहरु देखाएर तर्साउँदै पैसा असुल्ने, असुलिएको दस प्रतिशत तिनै युवामा खर्च गर्ने र नब्बे प्रतिशत खल्तीमा हाल्ने जुन प्रवृत्ति नेपाली राजनीतिमा छ, त्यसलाई कसैले सही प्रवृत्ति मान्न सक्छ र? त्यो प्रवृत्तिलाई त धुलोपिठो पार्नैपर्छ।

# काठमाडौंको वायु प्रदूषण : एयर क्वालिटी इन्डेक्स १९२ मापन

**काठमाडौं।** केही दिनयता देखि काठमाडौं उपत्यकाको वायु प्रदूषण अस्वस्थ तहमा पुगेको छ। काठमाडौं उपत्यकामा गत बुधबार मापन गरिएको 'एयर क्वालिटी इन्डेक्स (एक्युआई)अनुसार वायु प्रदूषण १९२ पुगेको हो।

त्यसअघि आइतबार काठमाडौं उपत्यकाको वायु प्रदुषण १७५ एक्युआई मापन गरिएको थियो। प्रदूषण बढेर मंगलबार १९२ एक्युआई मापन गरिएमा बुधबार समेत प्रदुषण कम नभएको वातावरण विभागले उल्लेख गरेको छ। विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयदेखि वर्षा नहुँदा र हावा नचल्दा वायुमण्डलमा प्रदूषकतत्व थुप्रिँदै गएको बताए। उपत्यका कचौरा आकारको भएकाले यो चर्चा गर्दै उनले हावा नचल्दा र वर्षा नहुँदा प्रदूषण अनेत्र जान पनि नसकेको र धुवाँधुलो हावामा तैरिएर बसिरहेको बताए। 'साथै उद्योग, कलकारखाना सञ्चालन र तीव्र गतिमा भइरहेका विकास निर्माणका गतिविधिले पनि प्रदूषण बढाउन भूमिका खेलेका छन्' उनले भने 'यिनै औद्योगिक धुवाँधुलो, सीमापार (क्रस-बोर्डर)बाट भित्रिने प्रदूषणले हावाको गुणस्तरमा असर पारेको हो।'

वर्षा नभएसम्म प्रदूषणको मात्रा अझै वृद्धि हुनसक्ने भन्दै उनले दिगो र वातावरणमैत्री विकासका उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सुझाव दिए। बुधबार काठमाडौं विश्वका सबैभन्दा प्रदूषित सहरमध्ये आठौं स्थानमा सूचीकृत भएको छ। सोही दिन भारतको नयाँडेल्ली विश्वकै सबैभन्दा प्रदूषित सहरको रूपमा सूचीकृत भएको हो। नयाँदिल्लीको वायु प्रदूषण २४७ एक्युआई मापन गरिएको छ।

विपद व्यवस्थापनविद डा धर्मराज उप्रेतीका अनुसार शून्यदेखि ५० एक्युआई राम्रो (हरियो संकेत), ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो संकेत) मानिन्छ भने १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ। एक सय ५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ।काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद मान्ने व्यवस्था गरेको छ।

यस्तै राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत, चुम्बकीय तरंग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति रहेको छ।

## निर्वाचन आयोग

### प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन, २०८२ का लागि प्रकाशित उम्मेदवारको अन्तिम बन्दसूची

राजनीतिक दलको नामः नेपाली कम्युनिष्ट पार्टी

| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४ | भीमकुमारी बुढामगर | महिला | ५० | नन्द वहादुर वौँठा/ . . | श्याम कुमार बुढामगर | लाल विर वौँठा | १६५१७३९० | दाङ | आदिवासी जनजाति | | | १ | |
| २ | ३५ | लक्ष्मी कुमारी लामा | महिला | ६२ | महेन्द्र लामा/ सीता लामा | कपिल लामा | कालु लामा | १०७६३०९६ | मनाङ | आदिवासी जनजाति | | | २ | |
| ३ | ३६ | निर्मला श्रेष्ठ | महिला | ५४ | पुन नारायण श्रेष्ठ/ गंगा लक्ष्मी श्रेष्ठ | महेश कुमार श्रेष्ठ | विर्ख नारायण श्रेष्ठ | ०९५५७८८२ | ओखलढुंगा | आदिवासी जनजाति | | | ३ | |
| ४ | ३७ | सोमती गुरुङ | महिला | ५३ | प्रेम बहादुर गुरुङ/ डाल माया गुरुङ | अमर बहादुर गुरुङ | रत्न बहादुर गुरुङ | १६७८२४६० | गोरखा | आदिवासी जनजाति | | | ४ | |
| ५ | ३८ | नलिनी देवी सिं | महिला | ५८ | तेज मान श्रेष्ठ/ हिरा माया श्रेष्ठ | नरेन्द्र मान सिं | चतुर मान श्रेष्ठ | २५१५५१२ | काठमाडौं | आदिवासी जनजाति | | | ५ | |
| ६ | ३९ | मिना पाखिन | महिला | ४५ | जित बहादुर पाखिन/ कान्छी माया थिङ | ईन्द्र बहादुर थिङ | मान बहादुर पाखिन | १५३१३८८० | काभ्रेपलाञ्चोक | आदिवासी जनजाति | | | ६ | |
| ७ | ४० | ममता राजवंशी | महिला | ३७ | पैखन लाल ताजपुरीया/ पवनी ताजपुरीया | अनुप राजवंशी | काञ्ची लाल ताजपुरीया | ३००५०७१ | मोरङ | आदिवासी जनजाति | | | ७ | |
| ८ | ४१ | सुनिता बुढा मगर | महिला | ४४ | वल बहादुर बुढा मगर/ ज्योति बुढा मगर | टिका बहादुर थापा | - ओ | १९९५०६९२ | रुकुम पूर्व | आदिवासी जनजाति | | | ८ | |
| ९ | ४२ | होमकुमारी लिम्बु | महिला | ६३ | बेदी नारायण खापुङ/ भद्रशिला खापुङ | | हाङ नारायण खापुङ | २१५६७१२७ | तेह्रथुम | आदिवासी जनजाति | | | ९ | |
| १० | ४३ | सोनाम लामा | महिला | ५२ | अतिन लामा/ ढोका लामा | समिर राज शाक्य | निमा लामा | २५९९३३१ | काठमाडौं | आदिवासी जनजाति | | | १० | |
| ११ | ४४ | रामदेवी तामाङ | महिला | ५४ | मान बहादुर तामाङ/ माया लक्ष्मी तामाङ | प्रेम बहादुर लामा | संगे सि तामाङ | १६२९९३८३ | काभ्रेपलाञ्चोक | आदिवासी जनजाति | | | ११ | |
| १२ | ४५ | जमुना गाइजु | महिला | ३१ | पुण्य राम गाईजु/ कृष्ण लक्ष्मी गाईजु | साहिल महर्जन | बुद्धि बहादुर गाईजु | ३०७६३११४ | ललितपुर | आदिवासी जनजाति | | | १२ | |
| १३ | ४६ | विष्णुकुमारी मगर | महिला | ४७ | छत्र बहादुर मगर/ पवित्रा मगर | | चन्द्र बहादुर थापामगर | १५६३५८५८ | रामेछाप | आदिवासी जनजाति | | | १३ | |
| १४ | ४७ | सीता श्रेष्ठ शाक्य | महिला | ४६ | नीर बहादुर श्रेष्ठ/ शान्ति देवी श्रेष्ठ | त्रि रत्न शाक्य | नर बहादुर श्रेष्ठ | ६०६२८८४ | काठमाडौं | आदिवासी जनजाति | | | १४ | |
| १५ | ४८ | मेनुका थुलुङ | महिला | ४७ | टिका थुलुङ/ बिन्दा थुलुङ | हेम प्रसाद गुरुङ्ग | गजुरमान थुलुङ | १७४४६९७६ | पर्वत | आदिवासी जनजाति | | | १५ | |
| १६ | ४९ | हिरा कुमारी राजवंशी | महिला | ४३ | किष्ट राजवंशी/ चम्फा राजवंशी | असोक कुमार राजवंशी | नेटिया राजवंशी | ११९६५६०९ | झापा | आदिवासी जनजाति | | | १६ | |
| १७ | ५० | पवित्रा मुक्तान | महिला | २८ | कितापसिं मुक्तान/ सानु माया मुक्तान | | विमान सिं मुक्तान | २७०८९७५१ | ललितपुर | आदिवासी जनजाति | | | १७ | |
| १८ | ५१ | परशुराम तामाङ | पुरुष | ७३ | दुर्गा बहादुर तामाङ/ गोपी माया तामाङ | स्टेला तामाङ | धन पाल तामाङ | १३५४०२०२ | काठमाडौं | आदिवासी जनजाति | | | १ | |
| १९ | ५२ | पुष्पराज राजकर्णिकार | पुरुष | ७७ | चिनिया राजकर्णिकार/ लक्ष्मी माया राजकर्णिकार | कमला राजकर्णिकार | राम दास राजकर्णिकार | ५७६४०१४ | ललितपुर | आदिवासी जनजाति | | | २ | |
| २० | ५३ | चेतबहादुर पुन | पुरुष | ५० | मन बहादुर पुन/ लाल माया पुन | मिना पुन | लाल बहादुर पुन | ३०२३२०५७ | रूपन्देही | आदिवासी जनजाति | | | ३ | |
| २१ | ५४ | दिलिप कुमार प्रजापति | पुरुष | ४९ | दिल बहादुर प्रजापति/ पुतली प्रजापति | प्रतिमा श्रेष्ठ | हेरा मान प्रजापति | ५३५४२४० | भक्तपुर | आदिवासी जनजाति | | | ४ | |
| २२ | ५५ | राजन गुरुङ | पुरुष | ३८ | चित्र बहादुर गुरुङ/ कर्ण कुमारी गुरुङ | सिर्जना कार्की | तुल बहादुर गुरुङ | ०७९५७९४३ | गोरखा | आदिवासी जनजाति | | | ५ | |
| २३ | ५६ | झक्कुप्रसाद घर्ती मगर | पुरुष | ६० | तुलाराम घर्ती मगर/ मनिषा घर्ती | मनमाया घर्ती | मनपति घर्ती | १०५५५२०७ | रुकुम पश्चिम | आदिवासी जनजाति | | | ६ | |
| २४ | ५७ | लालकान्छा तामाङ | पुरुष | ६१ | सुन लाल तामाङ्ग/ लाल माया तामाङ्ग | मिना कुमारी तामाङ्ग | रिठे तामाङ्ग | १६००५०३३ | सिन्धुपाल्चोक | आदिवासी जनजाति | | | ७ | |
| २५ | ५८ | पासाङ शेर्पा | पुरुष | ५७ | कर्मग्यानेल शेर्पा/ साङमो शेर्पा | छेतेन डोकार शेर्पा | सार्की शेर्पा | १७०३६९२२ | दोलखा | आदिवासी जनजाति | | | ८ | |
| २६ | ५९ | कृष्ण कुमार राई | पुरुष | ६४ | मोहन सिंह राई/ गोमा देवि राई | चन्द्र कुमारी राई | चन्द्र बहादुर राई | २६७९१९६ | भोजपुर | आदिवासी जनजाति | | | ९ | |
| २७ | ६० | वीर बहादुर बुढाथोकी | पुरुष | ५८ | रण बहादुर बुढाथोकी/ सुशिला देबी बुढाथोकी | बिना देबी बुढाथोकी | लाल बहादुर बुढाथोकी | ५०३२५३३ | कञ्चनपुर | आदिवासी जनजाति | | | १० | |
| २८ | ६१ | पासाङ शेर्पा | पुरुष | ४२ | कामी दोर्जे शेर्पा/ डिमी शेर्पा | सुसिला राई शेर्पा | दोमछिरी शेर्पा | ११९१९०७० | सोलुखुम्बु | आदिवासी जनजाति | | ✓ | ११ | |
| २९ | ६२ | जीवन लामा | पुरुष | ४१ | डुकमान लामा/ छुलिमाया लामा | | कृष्णमान लामा | २५२६२०११ | ललितपुर | आदिवासी जनजाति | | | १२ | |
| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
| ३० | ६३ | रामचन्द्र पोमु | पुरुष | ४७ | वेनु बहादुर पोमु/ विष्णु माया पोमु | | सल बहादुर पोमु | १७४३५४०८ | ताप्लेजुङ | आदिवासी जनजाति | | | १३ | |
| ३१ | ६४ | दंगध्वज खोयाहाङ | पुरुष | ६७ | दल बहादुर खोयाहाङग/ भिफ रानी खोयाहाङग | अञ्जली खोयाहाङग | आशा सुव्वा खोयाहाङग | ५४३९३९५ | काठमाडौं | आदिवासी जनजाति | | | १४ | |
| ३२ | ६५ | मंगलसिंह प्रजा | पुरुष | ३८ | पदम बहादुर प्रजा/ फुल माया प्रजा | सुक माया प्रजा | जनक बहादुर प्रजा | २१७२०००४ | मकवानपुर | आदिवासी जनजाति | | | १५ | |
| ३३ | १ | बलावती शर्मा | महिला | ५३ | छविलाल पाध्या/ हेरम्बा देवी पाध्या | देवेन्द्र पौडेल | रविलाल पाध्याय | १६१८४०४४ | बाग्लुङ | खस आर्य | | | १ | |
| ३४ | २ | दिल कुमारी पन्त | महिला | ५१ | तारानाथ पन्त/ रमा पन्त | | यति प्रसाद पन्त | १६२०८१६८ | कास्की | खस आर्य | | | २ | |
| ३५ | ३ | कमला नहर्की | महिला | ४५ | टुंम बहादुर नहर्की/ बुद्धिमाया नहर्की | | रण बहादुर नहर्की | १२०७४३०४ | गोरखा | खस आर्य | | | ३ | |
| ३६ | ४ | उमा कुमारी शर्मा | महिला | ५३ | रिखेश्वर उपाध्याय/ सिता देवी शर्मा | कृष्ण कुमार अधिकारी | नोखी राम उपाध्याय | १०२२९६४३ | प्युठान | खस आर्य | | | ४ | |
| ३७ | ५ | निशा न्यौपाने | महिला | ४५ | दण्ड पाणी न्यौपाने/ शान्ता न्यौपाने | राम चन्द्र अधिकारी | बुद्धि सागर न्यौपाने | ५४८४२४२ | चितवन | खस आर्य | | | ५ | |
| ३८ | ६ | उषा कुमारी पोखरेल | महिला | ५५ | गोविन्द प्रसाद पोखरेल/ फुलथुङ्गा देवी पोखरेल | प्रकाश कुमार खतिवडा | वाढीगिलास पोखरेल | ११६७१६७६ | सप्तरी | खस आर्य | | | ६ | |
| ३९ | ७ | निर्मला कुमारी साउद | महिला | ३७ | धर्म सिंह बोहरा/ रत्ना देवि बोहरा | जनक बहादुर साउद | नन्द सिंह बोहरा | १९९३९३१० | अछाम | खस आर्य | | | ७ | |
| ४० | ८ | करुणा बस्नेत | महिला | ४३ | दिल बहादुर ढुंगेल/ नन्द कुमारी ढुंगेल | शिव बहादुर बस्नेत | तारानाथ ढुंगेल | ०००८८५३२ | सोलुखुम्बु | खस आर्य | | | ८ | |
| ४१ | ९ | मञ्जु कोइराला (सिग्देल) | महिला | ५९ | टुक राज सिग्देल/ तोता कुमारी सिग्देल | अशोक कोईराला | त्रिलोचन सिग्देल | ३९७२८४९ | बाँके | खस आर्य | | | ९ | |
| ४२ | १० | सावित्री कुमारी कार्की | महिला | ५५ | छत्र बहादुर कार्की/ डम्बर कुमारी कार्की | प्रल्हाद कुमार बुढाथोकी | जय बहादुर कार्की | १७३८०१४१ | सर्लाही | खस आर्य | | | १० | |
| ४३ | ११ | ज्ञानु आचार्य | महिला | ३२ | राम प्रसाद आचार्य/ शुभद्रा आचार्य | | दण्ड पाणी आचार्य | २४७३२०२ | चितवन | खस आर्य | | | ११ | |
| ४४ | १२ | सुजाता काफ्ले शाही | महिला | ४० | सुवास राज काफ्ले/ उमा् ् काफ्ले | राकेश शाही | पुष्प राज शर्मा | २६५४९१०५ | चितवन | खस आर्य | | | १२ | |
| ४५ | १३ | गंगा खड्का (वोगटी) | महिला | ४३ | पहले खड्का/ महेसरा खड्का | सरोज वोगटी | नरविरे खड्का | १३९५११३९ | कालिकोट | खस आर्य | ✓ | | १३ | १ |
| ४६ | १४ | भगवती नेपाल | महिला | ६३ | गेह नाथ काफ्ले/ शोभा काफ्ले | भरतमणी नेपाल | हरि नारायण काफ्ले | १२८१४५ | सिन्धुपाल्चोक | खस आर्य | | | १४ | |
| ४७ | १५ | इन्दिरा ढुँगाना | महिला | ५१ | यमनाथ ढुङगाना/ बाल कुमारी ढुङगाना | | विष्णु प्रसाद ढुङगाना | ७७५५०५ | धादिङ | खस आर्य | | | १५ | |
| ४८ | १६ | पवित्रा कार्की केसी | महिला | ४१ | बिष्णु बहादुर खत्री/ राम माया खत्री | राजु कार्की | सुर्य बहादुर खत्री | २७०७३७८३ | लमजुङ | खस आर्य | | | १६ | |
| ४९ | १७ | सावित्री पोखेल | महिला | ४७ | दुर्गा प्रसाद पोखरेल/ मिना कुमारी पोखरेल | माधव चापागाई | अग्निधर पोखरेल | १७६४३१८१ | पर्सा | खस आर्य | | | १७ | |
| ५० | १८ | प्रमेश कुमार हमाल | पुरुष | ७१ | योग वहादुर हमाल/ नयन कुमारी हमाल | संगीता हमाल | अमर राज हमाल | १५०२०१०५ | ललितपुर | खस आर्य | | | १ | |
| ५१ | १९ | शिव बास्तोला | पुरुष | ४८ | राम प्रसाद बास्तोला/ भक्ति बास्तोला | गिता श्रेष्ठ | दिननाथ बास्तोला | १७४४३८४२ | कास्की | खस आर्य | | | २ | |
| ५२ | २० | जीतबहादुर दाहाल | पुरुष | ४३ | शिव प्रसाद दाहाल/ देव माया दाहाल | तारा दाहाल | खडानन्द दाहाल | १४२५४०३३ | रामेछाप | खस आर्य | | | ३ | |
| ५३ | २१ | रमेश कुमार आचार्य | पुरुष | ४३ | डिल्लीराम आचार्य/ डिलादेवी आचार्य | चन्द्रा कुमारी चपाई | भवानी प्रसाद शर्मा | ३०५३४३५३ | काठमाडौं | खस आर्य | | | ४ | |
| ५४ | २२ | विष्णु प्रसाद खनाल | पुरुष | ५७ | हरि प्रसाद खनाल/ सरस्वता खनाल | | नर प्रसाद खनाल | ३०८६९२६८ | ललितपुर | खस आर्य | | | ५ | |
| ५५ | २३ | महेन्द्र बहादुर कार्की | पुरुष | ७४ | ललित बहादुर कार्की/ ललिता देवी कार्की | मिनु कुमारी कार्की | जमान सिं कार्की | ११७४२७८ | दोलखा | खस आर्य | | | ६ | |
| ५६ | २४ | नहेन्द्र खड्का | पुरुष | ४६ | टोप बहादुर खड्का/ मेनका कुमारी खड्का | शुभलक्ष्मी खड्का | महेन्द्र बहादुर खड्का | १७६६२२२४ | बाग्लुङ | खस आर्य | | | ७ | |
| ५७ | २५ | विष्णु प्रसाद लम्साल | पुरुष | ६० | दुर्गा प्रसाद लम्साल/ देवी माया लम्साल | | रामजी प्रसाद लम्साल | २६५२७९३५ | काठमाडौं | खस आर्य | | | ८ | |
| ५८ | २६ | गोविन्द राज पौडेल | पुरुष | ६० | भुवानी प्रसाद पौडेल/ गौरा देवी पौडेल | सरीता बराल | टिकाराम पौडेल | १५४३७७४० | स्याङजा | खस आर्य | | | ९ | |
| ५९ | २७ | राममणी पोखेल | पुरुष | ७४ | भगवत प्रसाद पोखरेल/ हेम कुमारी पोखरेल | शकुन्तला पोखरेल | टिकादत्त पोखरेल | १८१३९५९ | उदयपुर | खस आर्य | | | १० | |
| ६० | २८ | कृष्ण बहादुर बुढा | पुरुष | ५९ | दरिभान बुढा/ काँशी देवी बुढा | दिपा कुमारी थापा | विर बहादुर बुढा | ०९१४४६९४ | जाजरकोट | खस आर्य | ✓ | | ११ | १ |

| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | २९ | डवर बहादुर क्षेत्री | पुरुष | ४८ | कुल बहदुर थापा/ धन कुमारी थापा | पुनम कटुवाल | ललित बहादुर थापा | ३०२९३५६४ | सिन्धुली | खस आर्य | | | १२ | |
| ६२ | ३० | विनोद कटुवाल | पुरुष | ३८ | मोहन बहादुर कटुवाल/ गंगा कटुवाल | शर्मिला पाखिन | कटुवाल | ०९५३०४९८ | उदयपुर | खस आर्य | | | १३ | |
| ६३ | ३१ | प्रेम बहादुर वयक | पुरुष | ४५ | उदय राम वयक/ नन्न कला वयक | धनसरी वयक | अम्मर सिंह वयक | ३४८२६७१ | कैलाली | खस आर्य | | ✓ | १४ | |
| ६४ | ३२ | चिन्तामणि आचार्य | पुरुष | ४६ | जयलाल आचार्य/ नन्दशोभा आचार्य | रमा आचार्य | प्रभाखर आचार्य | ३१७९८५५ | बर्दिया | खस आर्य | | | १५ | |
| ६५ | ३३ | तिर्थ बहादुर बुढा | पुरुष | ६४ | मेद बहादुर बुढा/ पञ्चा बुढा | मन्नु बुढा | काला बुढा | १४५१८४०४ | जुम्ला | खस आर्य | ✓ | | १६ | २ |
| ६६ | ८४ | पार्वती विक | महिला | ४२ | बहादुर कसेरा/ चन्द्रकला कसेरा | | माघे कसेरा | ११७९६६३७ | जाजरकोट | दलित | | | १ | |
| ६७ | ८५ | गीता गहतराज | महिला | ४७ | भाने गहतराज/ जयपुरी गहतराज | परशुराम रम्तेल | कमरा गहतराज | ६०४३१४३ | गोरखा | दलित | | | २ | |
| ६८ | ८६ | विनिता विक | महिला | ४२ | जसे वड/ झुप्री वड | कर्ण बहादुर विश्वकर्मा | संग्राम वड | ०९०६९८८० | बाजुरा | दलित | ✓ | | ३ | १ |
| ६९ | ८७ | शारदा दमै | महिला | ४८ | बिजुली दमाई/ निमा डिसी परीयार | खिम नारायण दमै | चोचे दमाई | ०८७६२४१४ | सल्यान | दलित | | | ४ | |
| ७० | ८८ | तारा कुमारी विश्वकर्मा | महिला | ४१ | श्री राम थारु/ पुतली देवी थारु | धन वहादुर वि.क. | जङ वहादुर थारु | १११२८३८२ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | दलित | | | ५ | |
| ७१ | ८९ | रेखा कुमारी राम | महिला | ३३ | किसोरी लाल राम/ किसमती देवी राम | अयोधी मोची | बद्री राम | १५३३९१२९ | सिराहा | दलित | | | ६ | |
| ७२ | ९० | धुम्रा ठगुन्ना परियार | महिला | ३९ | सुग्रिप ठकुन्ना/ पार्वती ठकुन्ना | खगेन्द्र परियार | सागर ठकुन्ना | २३४७८००७ | बझाङ | दलित | | | ७ | |
| ७३ | ९१ | पार्वती वि क | महिला | ४८ | लाल बहादुर वि.क./ शान्ती कुमारी वि.क. | | बहादुर वि.क. | २६९२७३८३ | पाल्पा | दलित | | | ८ | |
| ७४ | ९२ | गणेश बहादुर विश्वकर्मा | पुरुष | ५५ | दल बहादुर बिश्वकर्मा/ गंगा देवी बि.क. | पार्वती आग्री | पर्वते बिश्वकर्मा | ४५४७४६० | कैलाली | दलित | | | १ | |
| ७५ | ९३ | शंकर प्रसाद दुलाल | पुरुष | ५७ | बुब्द राम दुलाल/ मन माया दुलाल | श्रीविना वोगटी | भक्त वीर दुलाल | ६०९३६७५ | काठमाडौं | दलित | | | २ | |
| ७६ | ९४ | मित्र परियार | पुरुष | ४७ | देउ बहादुर दमै/ मंगली दमिनी | | बखत बहादुर दमै | ३०५८८१०४ | गोरखा | दलित | | | ३ | |
| ७७ | ९५ | सरद रसाइली | पुरुष | ४७ | मान बहादुर रसाइली/ निल माया रसाइली | | प्रतिमान रसाइली | ३०५९१७१७ | रामेछाप | दलित | | | ४ | |
| ७८ | ९६ | कृष्णबहादुर नेपाली | पुरुष | ६० | टीका राम सार्की/ हर्कु देवी सार्की | सन्तु नेपाली | नर वीर सार्की | ४०१९५५२ | कास्की | दलित | | | ५ | |
| ७९ | ९७ | उपेन्द्र लाल कामी | पुरुष | ४६ | दयालसिं कामी/ धनी कामी | दिल कुमारी कामी | कमारा कामी | १०७०६२६० | रुकुम पूर्व | दलित | | | ६ | |
| ८० | ९८ | रमेश विश्वकर्मा | पुरुष | ४५ | विरमल कामी/ मैना देवी कामी | कविता विश्वकर्मा | नरे कामी | ४५१५५८८ | कैलाली | दलित | | | ७ | |
| ८१ | १०४ | निराशा चौधरी (डगौरा) | महिला | ४३ | बलीराम चौधरी/ मघनी देवी डगौरा | कर्ण बहादुर डगौरा | खुशी राम डगौरा | २८७५८९६ | कञ्चनपुर | थारू | | | १ | |
| ८२ | १०५ | ससमोति चौधरी | महिला | ५५ | मान बहादुर चौधरी/ शितली थरुनी | टेक बहादुर चौधरी | फुदुवा थारु | १०६९९५३ | दाङ | थारू | | | २ | |
| ८३ | १०६ | बिना थारु | महिला | ४० | भोज लाल थारु/ फरहारी ड थारु | सन्तोष कुमार थारु | बुद्धि राम थारु | ४५५७९४७ | कैलाली | थारू | | | ३ | |
| ८४ | १०७ | इन्दु चौधरी | महिला | ३६ | जोखनराम चौधरी/ सिता चौधरी | | धन बहादुर चौधरी | ४५८६४२० | कैलाली | थारू | | | ४ | |
| ८५ | १०८ | लक्ष्यबहादुर चौधरी | पुरुष | ५२ | औस्यम थारु/ प्यारी थरुनी | छेदिया थरुनी | छदु थमरु | ४५५९७२१ | कैलाली | थारू | | | १ | |
| ८६ | १०९ | राम औतार राना | पुरुष | ५९ | फुल्लन राना/ वन्धो देवी राना | जानु देवी राना | माया राम राना | १५७९५५३७ | कञ्चनपुर | थारू | | | २ | |
| ८७ | ११० | भवन कुमार थारु | पुरुष | ५४ | पूर्ण बहादुर थारु/ बेलमोतिया थारु | प्रतिमा चौधरी(थारु) | टिक लाल थारु | १४५७१७३७ | बर्दिया | थारू | | | ३ | |
| ८८ | ६६ | तारा कुमारी महतो | महिला | ५३ | कृष्ण देव महतो/ राम सत्ती देवि | राम करण महतो | फौदार देव महतो | ११७८५४९६ | धनुषा | मधेशी | | | १ | |
| ८९ | ६७ | जयरनीया देवी | महिला | ५० | सुखल सहनी/ अनरिया देवी | विन्देशवर सहनी | दशै सहनी | १३५८०२९५ | रौतहट | मधेशी | | | २ | |
| ९० | ६८ | कल्पना कुमारी यादव | महिला | २७ | प्रमोद नारायन यादव/ उमा देवी | | सुर्यनाथ यादव | २१२०३४६८ | धनुषा | मधेशी | | | ३ | |
| ९१ | ६९ | संगितादेवी यादव | महिला | ४९ | रामदत्त राय/ कान्ती देवी यादव | अशोक कुमार यादव | राम चलितर राय | १३०९४७६१ | सर्लाही | मधेशी | | | ४ | |
| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
| ९२ | ७० | रेखा कुमारी यादव | महिला | ५३ | किशोर कुमार यादव/ देव कली यादव | लाल बाबु यादव | दया राम यादव | ०७०८४०६८ | महोत्तरी | मधेशी | | | ५ | |
| ९३ | ७१ | पुनम जयसवाल | महिला | ५२ | रामलखन साह/ उर्मिला देवी | विजय कुमार चौधरी | विश्वनाथ साह | ०००७४२७५ | महोत्तरी | मधेशी | | | ६ | |
| ९४ | ७२ | सुनिता देवी यादव | महिला | ४३ | राम प्रसाद यादव/ सोनावती देवी यादव | दिलिप कुमार यादव | सुरत यादव | ११६०९७६७ | सिराहा | मधेशी | | | ७ | |
| ९५ | ७३ | रामसखी देवी पासवान | महिला | ४७ | अच्छैलाल हजारी/ सुनैना देवी | शम्भु पासवान हजारी | पाँचु हजारी | १३०८४५९१ | सर्लाही | मधेशी | | | ८ | |
| ९६ | ७४ | सुधा सिंह | महिला | ४५ | गणेश प्रसाद सिंह/ मरन देवी सिंह | विजय कुमार यादव | योगननारायण प्रसाद सिंह | १२३७५८९५ | धनुषा | मधेशी | | | ९ | |
| ९७ | ७५ | जोगकुमार बर्बरिया यादव | पुरुष | ६१ | नथुनी बरबरिया यादव/ माको देवी | शिवो देवी | रघुनाथ बरबरिया यादव | १६५२२८३४ | धनुषा | मधेशी | | | १ | |
| ९८ | ७६ | श्रीप्रसाद साह | पुरुष | ५३ | कैलु साह पजियार/ पार्वती देवी पजियार | पिंकी कुमारी साह | बुंझाउन साह पजियार | २०६५२२५ | धनुषा | मधेशी | | | २ | |
| ९९ | ७७ | छेदि साफी | पुरुष | ४८ | हरि किसुन साफी/ खटरी वती साफी | मन्जु कुमारी रजक | नसिव लाल साफी | ६६७९८३१ | सप्तरी | मधेशी | | | ३ | |
| १०० | ७८ | राम अशिष दास | पुरुष | ६७ | फकिरचन दास/ पल्टी देवी | पवित्री देवी | ठकन दास | १२४१८९७९ | धनुषा | मधेशी | | | ४ | |
| १०१ | ७९ | अनिल पाण्डेय | पुरुष | ३८ | सुरेश पाण्डेय/ मिना पाण्डेय | | राम प्रसाद पाण्डेय | १६०५३४२६ | महोत्तरी | मधेशी | | | ५ | |
| १०२ | ८० | सुरेन्द्र कुमार जयसवाल | पुरुष | ४४ | मिश्रीलाल साह कलवार/ मायावति देवी कलवारिन | ज्योति कुमारी जयसवाल | सर्युग साह कलवार | १३५२५३४३ | रौतहट | मधेशी | | | ६ | |
| १०३ | ८१ | घनश्याम प्रसाद रजक | पुरुष | ४१ | शिवजी वैठा/ नैनी देवी | पुजा कुमारी वैठा | रामदेव वैठा | ०००९२९५१ | सर्लाही | मधेशी | | | ७ | |
| १०४ | ८२ | प्रेम प्रसाद कलवार | पुरुष | ६७ | वैजनाथ प्रसाद कलवार/ गिर्जा देवी कलवार | गायत्री देवी जयस्वाल | चौकी साह कलवार | १३२९२८४८ | बारा | मधेशी | | | ८ | |
| १०५ | ८३ | राजन झा | पुरुष | २७ | वडावावु झा/ विमला झा | | रेवती रमन झा | ३०५१८२०७ | महोत्तरी | मधेशी | | | ९ | |
| १०६ | ९९ | कमरुल नस | महिला | ५७ | नसरुदिन सेख/ खैतुन खातुन | सेख अतासुर रमान | सेख नुर मोहमद | १३०७६९६१ | सर्लाही | मुस्लिम | | | १ | |
| १०७ | १०० | कालि मिया खातुन | महिला | ५७ | महमत मियाँ/ ममिना मियाँ | ससु मियाँ | गफुर मियाँ | २१५००९०८ | बाँके | मुस्लिम | | | २ | |
| १०८ | १०१ | जामिया खातुन | महिला | ३५ | जुल्ताराफ मिया/ सुराजन मिया | | करिम बक्स मिया | २६९८०३३४ | बाँके | मुस्लिम | | | ३ | |
| १०९ | १०२ | ताज महमद मिया | पुरुष | ६० | नुर महमद मिया/ सहिदिनु मिया | हजीरा खातुन | अमिर महमद मिया | १७४२१६९१ | स्याङजा | मुस्लिम | | | १ | |
| ११० | १०३ | केशर मियाँ | पुरुष | ६५ | लाल बक्स मिया/ जमनी मिया | पंम्फा मिया | नबी मिया | १४६९६१६७ | अछाम | मुस्लिम | | | २ | |

# राष्ट्रलाई अप्ठ्यारो पर्दा दलहरूबीच सहकार्य हुँदै आएको छ : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले राष्ट्रलाई अप्ठेरो परेका बेला विभिन्न कम्युनिस्ट पार्टीमा राजनीतिक मतभेद भए पनि सहकार्य हुँदै आएको बताएका छन् ।

बागलुङ जिल्लास्थित गलकोटमा नेकपा र राष्ट्रिय जनमोर्चाको संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै संयोजक दाहालले देशभर एकताको सन्देश दिने गरी बागलुङमा सहकार्य गरिएको बताएका हुन् । जनमोर्चासँगको चुनावी तालमेलले नेपालभर एकताको सन्देश दिएको र यो सहकार्य चुनावपछि पनि कायम रहने उनको भनाइ थियो । 'विभिन्न कम्युनिस्ट पार्टीमा राजनीतिक मतभेद छन् तर राष्ट्रलाई अप्ठेरो पर्दा विगतमा पनि सहकार्य गर्दै आएका छौं । यस पटक पनि देशलाई संकटबाट टार्न कार्यगत एकता र गठबन्धन हुन्छ' संयोजक दाहालले भने 'गत भदौं २३ र २४ मा भएको आन्दोलनपछिको अवस्थालाई हेरेर हामी पार्टी एकता र सहकार्य अगाडि बढाएका छौं । त्यही क्रममा जनमोर्चासँग सहकार्य भएको हो ।'

कार्यक्रममा नेकपा मसालका महामनी मोहनविक्रम सिंहले देश गम्भीर संकटमा परेको र निर्वाचनले सही मार्गमा ल्याउने विश्वास व्यक्त गरे । आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनलाई सामान्य रूपमा नलिन आग्रह गर्दै उनले देशको हितमा काम गर्नेलाई पहिचान गरेर मतदान गर्न आग्रह गरे । कार्यक्रममा दुई निर्वाचन क्षेत्र रहेको बागलुङ क्षेत्र नं- १ मा नेकपाले जनमोर्चाका कृष्ण अधिकारी र क्षेत्र नं- २ मा जनमोर्चाले नेकपाका उम्मेदवार ज्ञामनाथ गैरेलाई सघाउने सहमति जानकारी दिइएको थियो ।

# प्रजातन्त्र दिवस : लोकतन्त्र र संविधान रक्षामा लाग्न श्रेष्ठको आग्रह

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य उम्मेदवार नारायणकाजी श्रेष्ठले प्रजातन्त्र दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गरेका छन् । २००७ को ऐतिहासिक परिवर्तनले निरंकुश राणा शासनको अन्त्य गरी नेपाली जनताले प्रजातन्त्र स्थापना गरेको दिनलाई स्मरण गर्दै श्रेष्ठले ज्ञात-अज्ञात सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

लोकतान्त्रिक आन्दोलनमा सहभागी नागरिक, बेपत्ता तथा घाइते योद्धाप्रति सम्मान व्यक्त गर्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्र, समाजवादउन्मुख समावेशी लोकतन्त्र संविधान तथा राष्ट्रिय स्वाधीनताको रक्षा आजको प्रमुख दायित्व भएको बताए । 'समावेशिता, समानता र सामाजिक न्याय सुनिश्चित नगरेसम्म प्रजातन्त्रले पूर्ण सार्थकता प्राप्त गर्न सक्दैन' नेता श्रेष्ठको भनाइ थियो । उत्पीडित, उपेक्षित तथा सीमान्तकृत वर्ग-समुदायको सम्मानजनक सहभागितासहित समृद्ध र न्यायपूर्ण समाज निर्माणका लागि एकजुट हुनुपर्ने आवश्यकतातर्फ औंल्याउँदै उनले वर्तमान चुनौतीहरूको सामना गर्न राजनीतिक दलहरूबीच सहकार्य, राष्ट्रिय एकता र स्वाभिमानको भावना सुदृढ गर्नुपर्ने बताए ।

फागुन २१ गते हुने निर्वाचनलाई उल्लेख गर्दै नेता श्रेष्ठले राष्ट्रिय स्वाधीनता, संविधान र लोकतन्त्रको रक्षा तथा सुशास, समृद्धि र सामाजिक न्यायको कार्यभार पूरा गर्ने दिशामा जनताले ऐतिहासिक फैसला गर्नुपर्ने धारणा व्यक्त गरे ।

# लोकप्रियतावादी राजनीति मुलुकका लागि घातक : नेता पुन

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुन 'अनन्त'ले लोकप्रियतावादी राजनीति मुलुकका लागि घातक हुनसक्ने चर्चा गरेका छन् । रोल्पाबाट नेकपाका प्रतिनिधिसभा सदस्य उम्मेदवार नेता पुनले गृहजिल्ला रोल्पाको लिवाङमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै स्पष्ट विचार, दृष्टिकोण र गन्तव्यविनाको राजनीतिले मुलुकलाई सही दिशा दिन नसक्ने बताएका हुन् ।

उनले कुन ठाउँमा के बोल्दा मानिसले मन पाराउँछन् भन्ने आधारमा बोल्दै हिँड्नेहरूले देशको नेतृत्व लिन नसक्ने दावी गरे । काठमाडौंमा संघीयताको विरोध गर्ने र जनकपुर पुगेर संघीयता चाहिन्छ भन्ने तथा काठमाडौंबाट सुकुम्बासीलाई लखेटेर झापामा पुगेपछि सुकुम्बासीको पक्षमा काम गर्छु भन्नेजस्ता असंगत अभिव्यक्ति दिनेहरूबाट कुनै आशा गर्न नसकिने उनको तर्क थियो । आफूलाई नयाँ भन्ने राजनीतिक दललाई आफ्नो विचार, राजनीतिक र कार्यदिशा स्पष्ट गर्न आग्रह गर्दै नेता पुनले भने 'काठमाडौंमा संघीयताको विरोध गर्ने र जनकपुर गएपछि संघीयता चाहिन्छ भन्ने । काठमाडौंमा सुकुम्बासी, ठेलागाडामा व्यापार गर्नेहरू र कबाडीको काम गर्नेलाई खेद्ने अनि झापा झरेपछि सुकुम्बासीको पक्षमा छौं भन्ने, जहाँ जसले जे सुन्न चाहेको छ त्यही बोल्ने 'पपुलिष्ट' राजनीतिक घातक छ ।' 'हामी नयाँ हौं भन्ने साथीहरूलाई आफ्नो विचार, राजनीति र कार्यदिशा स्पष्ट गर्न म आग्रह गर्न चाहन्छु' नेता पुनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उक्त दलले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका बालेन्द्र शाह (बालेन) प्रति लक्षित भए पनि कसैको नाम नलिइ भने । वर्तमान संघीय लोकतान्त्रिक शासन प्रणाली स्वीकार गर्ने स्पष्ट प्रतिबद्धता तथा गणतन्त्रलाई समाजवादसँग जोड्ने, असमावेशीतालाई पूर्ण समावेशीतामा लैजाने, धनी र गरिबबीचको खाडल पुरेर समानता काम गर्ने एजेण्डामा सहमत भए नयाँ भनिएका दलसँग सहकार्यका लागि तयार रहेको नेता पुनले बताए ।

'हामी नयाँसँग काम गर्न तयार छौं । तर, अहिलेको उपलब्धी खोसेर पछि हट्न खोज्ने नयाँसँग होइन, अहिलेको उपलब्धी जोगाएर अघि बढ्ने नयाँसँग काम गर्न हामी तयार छौं' पत्रकार सम्मेलमा बोल्दै उनले भने । विचार, राजनीति र एजेण्डाले नेपाली कम्युनिस्ट पार्टी नयाँ दल भएको उनको दाबी थियो । आफूहरू यथास्थितिवादी तथा नयाँका नाममा दक्षिणपन्थी लोकप्रियतावादी नभएको तर्क गर्दै उनले भने 'विचारले नयाँ, राजनीतिकले नयाँ, एजेण्डाले नयाँ हामी हौं । यथास्थितिवादी र नयाँका नाममा दक्षिणपन्थी लोकप्रियतावादी पनि होइनौं हामी । जनताले बुझ्नुपर्ने विषय यो छ ।'

अहिलेको असामान्य अवस्थामा एक थान संसद र एक थान सरकार चुन्न चुनाव हुँदैछैन भन्ने बुझेर मतदान गर्न मतादातालाई अपिल गर्दै उनले राष्ट्रिय स्वाधीनताको मुद्दा पेचिलो बनेकाले आफूहरू स्वाधीनता, सुशासन, समृद्धि र सामाजिक न्यायको स्पष्ट एजेण्डा समेटिएको चुनावी घोषणापत्रसहित चुनावमा होमिएको समेत बताए । आफ्ना अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा १८ महिना चलेको सरकारले राज्य दोहन र विचौलिया प्रवृक्ति नियन्त्रणको अभियान चलाएपछि कांग्रेस र एमाले डराएर केपी ओली नेतृत्वमा सरकार बनाएको उनले तर्क गरे । प्रचण्डले थालेको सुशसनको अभियान रोक्न ओली नेतृत्वमा सरकार बनेपछि राज्य दोहन, अनियमितता र बिचौलिया प्रवृत्ति हाबी भएकाले भदौ २३ मा नवयुवाको आन्दोलन भएको उनले दावी गरे ।

नेता पुनले पत्रकार सम्मेलनमा रोल्पाले सडक, विद्युत, खानेपानी, स्वास्थ्य, शिक्षा र सिंचाइजस्ता पूर्वाधार विकासमा विगतको तुलनामा फड्को मारेको दाबी गर्दै अधुरो आयोजना पूरा गर्न आफ्नो तर्फबाट सहजीकरण हुने प्रतिबद्धता जनाए ।

# सहकारी ठगीको प्रमाण लिएर आएको छु : सभापति थापा

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति गगन कुमार थापालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी प्रकरणमा प्रत्यक्ष संलग्न रहेको दावा गर्दै आफूले सोको प्रमाण बोकेरै आएको ठोकुवा गरेका छन् ।

हालै संघीय राजधानी काठमाडौंमा हालै आयोजित एक खुला प्रश्नोत्तर कार्यक्रममा बोल्दै सभापति थापाले सभापति लामिछानेको उक्त प्रकरणमा संलग्नता पुष्टि गर्ने दाबीसहित अदालती कागजात चेकहरूको विवरण सार्वजनिक गरेका हुन् । 'साथीहरूले कमेन्टमा प्रमाण खोइ भन्नुहुन्छ' उनले भने 'म आज यहाँ प्रमाणसहित उपस्थित भएको छु । यो मैले बनाएको आरोप होइन, नेपालको सम्मानित सर्वोच्च अदालतको डिभिजन बेन्चको फैसला र विभिन्न जिल्ला अदालतमा पेश भएका तथ्यहरू हुन् ।'

कांग्रेस सभापति थापाले चितवन र रूपन्देहीका अदालतमा रहेको मिसिलहरूलाई उद्दृत गर्दै लामिछानेको नाममा करोडौं रूपैयाँ ऋण प्रवाह भएको आरोप लगाउँदै गोर्खा मिडिया नेटवर्कमा रहँदा सहकारीबाट आएको रकम खर्चेको र आफ्नै हस्ताक्षरबाट चेकहरू भुक्तानी गरेको देखिएको दाबी गरे । 'चितवनको अदालतको रेकर्ड अनुसार रवि लामिछानेको नाममा ११ करोड ७० लाख रूपैयाँ गोर्खा मिडियामा गएको देखिन्छ र उहाँ आफैंले हस्ताक्षर गरेका ४१४ वटा चेकहरू फेला परेका छन्' थापाको भनाइ थियो ।

बुटवलको सुप्रिम सहकारीबाट समेत बिना धितो २ करोड रूपैयाँ लामिछानेको व्यक्तिगत नाममा ऋण प्रवाह भएको जिकिर गर्दै उनले सर्वोच्च अदालतको वेबसाइटमा रहेको फैसलाको बुँदातर्फ ध्यानाकर्षण गराएका थिए । लामिछाने प्रबन्ध निर्देशक हुनुअघि नै सञ्चालक समितिको बैठकमा सहभागी भई बैंक खाता खोल्ने निर्णयमा संलग्न रहेको जिकिर गर्दै थापाले भने 'उहाँले निःशुल्क सेयर पाएको दाबी गरे पनि उक्त सेयर लगानी गर्न सहकारीकै रकम प्रयोग भएको देखिन्छ । कम्पनीबाट अलग भएको भनिएको मिति पछि पनि सयौं चेकमा उहाँको हस्ताक्षेर निरन्तर रहेको भेटिएको छ ।'

'प्रमाण खोइ' भन्ने प्रश्नको जवाफमा थापाले सर्वोच्च अदालतले रविलाई थुनामा पठाउन लिएका आधारलाई नै पढेर सुनाएका थिए । सर्वोच्च अदालतले रविलाई थुनामा पठाउने उच्च अदालत तुलसीपुरको बुटवल इजलासको आदेश सदर गर्दा लिएका केही आधारहरूलाई जवाफ स्वरूप प्रस्तुत गरेका थिएः- '१) रवि लामिछानेको नाममा दुई करोड प्रवाह भएको, २) आफ्नै हस्ताक्षरबाट चेक भुक्तानी गरेको देखिएकोले रकमबारे थाहा थिएन भन्ने जिकिर खण्डित भएको, ३) रवि लामिछाने प्रबन्ध निर्देशक हुनु पहिले नै सञ्चालक समितिको बैठकमा सहभागी भई बैंक खाता खोल्न र हस्ताक्षर गर्ने निर्णयमा संलग्न भएको, ४) रवि लामिछानेले निःशुल्क सेयर पाएको दाबी गरे पनि उक्त शेयरमा लगानी गर्नका लागि सहकारीकै रकम प्रयोग गरेको, ५) आधिकारीक रूपमा गोर्खा मिडियाबाट अलग भएको भनेको मिति पश्चात पनि कम्पनीका चेकहरूमा निरन्तर हस्ताक्षर गरिरहेको, ६) लामिछाने कर्मचारीको रूपमा मात्रै नभई कम्पनीमा सारभूत प्रभाव पार्ने हैसियतमा रहेको अन्य कर्मचारीको बयानले समेत स्पष्ट पारेको, ७) सुप्रिम सहकारीको १० करोड ९९ लाख रूपैयाँ गैरकानुनी रूपमा गोर्खा मिडियामा लागि संगठित अपराध गरेको दाबी रहेको र ८) कम्पनी स्थापना भएको दिनदेखि नै १५ प्रतिशत शेयरधनी रहेको र व्यवस्थापनमा सुरु देखि नै संलग्नता देखिएको । सर्वोच्च अदालतको संयुक्त इजलासले यी आधारमा लामिछानेलाई थुनामा पठाउने आदेश दिएको थियो ।
सर्वोच्च अदालतको संयुक्त इजलासले यी आधारमा यी आधारमा लामिछानेलाई थुनामा पठाउने आदेश दिएको थियो ।

यसैगरी सूर्यदर्शन बचत तथा ऋण सहकारीमा एक अर्ब ५० करोड हिनामिना भएकोमा रवि संलग्न गोर्खा मिडियामा ३० करोड प्रवाह भएको, सुप्रिम सहकारीको रविका नाममा बिनाधितो दुई करोड ऋण प्रवाह भएको, चितवनको सहारा चितवन सहकारीको ११ करोड ७० लाख गोर्खा मिडियामा गएको र रवि लामिछानेले हस्ताक्षर गरेका ४१४ वटा चेक फेला परेको अदालतको आदेशमै उल्लेख छ । स्वर्णलक्ष्मी सहकारीको ५ करोड ८लाख रूपैयाँ, पर्साको सानो पाइलाबाट एक करोड ५० लाख रूपैयाँ लामिछानेले लिएको देखिएको आदेशमा उल्लेख छ' सुनाउँदै थापाले जवाफमा यी अदालतले देखाएका आधारहरू सर्वोच्च अदालतको वेभसाइडमा गएर पनि हेर्न सकिने बताएका थिए ।

लामिछाने ५ वटा सहकारी ठगीमा सबै अदालतबाट धरौटी र रूपन्देही अदालतमा बिगो जमानत राखेर रिहा भएका थिए । आगामी प्रतिनिधिसभा सदस्यका लागि वारेसमार्फत चितवनमा उम्मेदवारी दर्ता गराएर पर्सा जिल्ला अदालतमा उपस्थित भएका लामिछानेलाई कास्कीको सूर्यदर्शन, बुटवलको सप्रिम, सहारा चितवन, काठमाडौंको स्वर्णलक्ष्मी र पर्साको सानो पाइला सहकारीले नै धरौटीमा रिहा गरेका हुन् ।

## नेकपाको चुनावी...

नेकपाको प्रतिबद्धतापत्रमा दुई वर्षभित्र भूमिहीन दलित र सुकुम्बासीलाई लालपुर्जा वितरण गरी नेपाललाई सुकुम्बासीमुक्त घोषणा गर्ने लक्ष्य राखिएको छ ।

यसैगरी स्वास्थ्य, शिक्षा र खेलकुद स्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क र मौलिक हकको रूपमा कार्यान्वयन गर्ने नीति छ । २०८८ सम्म सबै नागरिकलाई स्वास्थ्य बीमामा समावेश गर्ने र नसर्ने रोगको उपचार समुदायस्तरमै पुऱ्याउने योजना छ । शिक्षामा 'एक पालिका, एक स्मार्ट विद्यालय' र विश्वविद्यालय-हरूमा राजनीतिक भागबण्डा हटाएर योग्यताका आधारमा नियुक्ति गर्ने व्यवस्था ल्याउने प्रतिबद्धता गरिएको छ ।

खेलकुदलाई प्रवर्द्धन गर्दै खेलाडीको पुरस्कार राशी दोब्बर गर्ने र ५० हजार क्षमता भएको राष्ट्रिय रंगशाला निर्माण गर्ने योजना उल्लेख छ । पूर्वाधार, ऊर्जा र पर्यटन आगामी पाँच वर्षभित्र १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने र प्रतिव्यक्ति खपत ७५० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य छ । पूर्वपश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने, काठमाडौंमा मेट्रो रेल र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पाँच वर्षभित्र सम्पन्न गर्ने योजना राखिएको छ । पर्यटनलाई 'स्मार्ट टुरिज्म' र इको-टुरिज्ममार्फत प्रवर्द्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय वेडिङ र हिल स्टेशन हबको रूपमा विकास गर्ने उल्लेख छ । सामाजिक न्याय, समावेशिता र परराष्ट्र नीति दलित, महिला, आदिवासी जनजाति, मुस्लिम र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वका लागि संविधान संशोधन गर्ने र जातीय छुवाछुत विरुद्ध राष्ट्रिय अभियान चलाउने योजना छ । परराष्ट्र नीतिमा असंलग्न कूटनीति अपनाउँदै सीमा विवाद कूटनीतिक माध्यमबाट समाधान गर्ने र राष्ट्रिय हितलाई प्राथमिकता दिने प्रतिबद्धता गरिएको छ ।




## मुख्य दलहरूका...

६५ लाख, काठमाडौं जिल्ला अदालतमा ६० लाख, चितवन अदालतमा ५४ लाख, रूपन्देही र पर्सा अदालतमा १-१ करोड धरौटी बुझाएर छुटेका थिए। रविविरुद्ध सहकारी ठगीबाहेक कास्की र रूपन्देही अदालतमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा समेत लागेको छ। पटक-पटक गरी लगभग एक वर्ष पुर्पक्षका लागि जेल परेका लामिछाने उच्च अदालत बुटवल इजलासको आदेश अनुसार थप २ करोड ६८ लाख जमानतवापत धरौटी रकम बुझाएर २०८२ पुस ४ मा छुटेका थिए।

चुनावी प्रतिस्पर्धामा उत्रिएका अन्य प्रमुख राजनीतिक दलहरू, खासगरी नेपाली कांग्रेस र नेकपा एमालेले पनि सहकारी ठगीलाई नै प्रमुख मुद्दा बनाएका छन्। पछिल्लो समय केपी ओली नेतृत्वमा बनेको कांग्रेस-एमाले गठबन्धन सरकारले विघटित प्रतिनिधिसभाका सांसद सूर्यबहादुर थापा क्षेत्रीको संयोजकत्वमा उच्चस्तरीय संसदीय छानबिन समिति बनाएको थियो। सो समितिले देशभरका समस्याग्रस्त सहकारीको अवस्था र रवि प्रबन्धनिर्देशक रहेको गोरखा मिडिया प्रालिमार्फत भएको सहकारीको बचत हिनामिनाका सम्बन्धमा अनुसन्धान गरी कारबाहीका लागि सभामुखमार्फत सरकारलाई सिफारिस गरेको थियो। समितिको सिफारिसका आधारमा पूर्वगृहमन्त्री लामिछाने र छवि बन्जाडे पक्राउ परेका थिए। गोरखा मिडियाका अध्यक्ष जीवी राई भने अहिलेसम्म पनि 'फरार' नै छन्।

यही स्थितिमा हुन लागिरहेको चुनावलाई लक्षित गर्दै रास्वपाले सहकारी हिनामिनालाई मुख्य मुद्दा बनाएर सार्वजनिक गरेको वाचापत्रमा भनिएको छ- 'आम नागरिकको पसिनाको कमाइ सुरक्षित गर्न सरकार गठन भएको १०० दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गर्नेछौं। बचतकर्ताहरूको कमाइ सुरक्षित गर्न राज्यको तर्फबाट एक 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गर्नेछौं, जसले संकटग्रस्त संस्थाहरूका बचतकर्तालाई प्राथमिकताका आधारमा साना बचतकर्तादेखि सुरु गरी भुक्तानी दिने व्यवस्था गर्नेछौं। हाम्रो उद्देश्य सञ्चालकहरूलाई जेल हाल्नु मात्र होइन, बरु बचतकर्ताको पैसा फिर्ता गराउनु हो। त्यसैले, 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप यदि कुनै सहकारी वित्तीय संस्थाका सञ्चालक वा व्यवस्थापन पक्ष बचतकर्ताको रकम फिर्ता गर्न तयार छन् र उनीहरूसँग भरपर्दो स्रोत एवं योजना छ भने, 'मिलापत्र' का लागि कानुनी बाटो प्रशस्त गरिदिनेछौं। यस्तो अवस्थामा बचत फिर्ताको पूर्ण ग्यारेन्टी र समयसीमा तोकेर उनीहरूलाई थुनाबाहिरै रहेर सम्पत्ति परिचालन र ऋण असुली गर्ने अवसर दिनेछौं।'

एकातर्फ समस्याग्रस्त सहकारी र बचत रकम दुरूपयोग भएका विषयप्रति रास्वपा नरम देखिँदा अर्कातर्फ निर्वाचनपछि भावी सरकारको नेतृत्व गर्ने दौडमा रहेको सबैभन्दा पुरानो पार्टी नेपाली कांग्रेस भने कडा रूपमा प्रस्तुत भएको छ। कांग्रेसले सार्वजनिक गरेको चुनावी 'प्रतिज्ञापत्र' मा संसदीय छानबिन प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्ने कुरा लेखिएको छ। 'सहकारीका सम्बन्धमा अध्ययन गर्न बनेका कार्यदलका आवश्यक र संसदीय छानबिन समितिका प्रतिवेदनहरूलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्यायको प्रत्याभूति गर्छौं'- कांग्रेस प्रतिज्ञापत्रको पृष्ठ १४१ मा उल्लेख छ।

थापा क्षेत्री नेतृत्वको 'सहकारी संस्थाको बचत रकम दुरूपयोग सम्बन्धी संसदीय छानबिन विशेष समिति' ले ४० वटा सहकारीबाट ८७ अर्ब ८९ करोड हिनामिना भएको प्रतिवेदनमा उल्लेख गरेको छ। अहिले देशभर रहेका ३१ हजार सहकारीमा ४ खर्ब ७८ अर्ब बचत रहेको प्रतिवेदनमा उल्लेख छ। गोरखा मिडिया प्रालिले सञ्चालन गरेको 'ग्यालेक्सी फोर के' टेलिभिजनमा मात्रै ८७ करोड बचत रकम हिनामिना भएको प्रतिवेदनमा औंल्याइएको छ। उच्चस्तरीय छानबिन समितिलाई आधार बनाएर नै कांग्रेसले सहकारी समस्यालाई प्राथमिकताका साथ उठाएको देखिन्छ। कांग्रेसले सहकारीमार्फत सामाजिक-आर्थिक रूपान्तरण, सामाजिक न्याय, स्रोतको पुनर्वितरण र गरिबी निवारण गर्न प्रतिबद्ध रहेको बताएको छ।

कांग्रेसले वर्तमान समयमा सहकारी क्षेत्रमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न बचत सुरक्षण कोषको प्रभावकारी कार्यान्वयन र ठगीविरुद्ध 'शून्य सहनशीलता' को नीति अघि सारिएको दावी गरेको छ। सहकारी क्षेत्रमा देखिएका वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्न शक्तिशाली नियमन र संस्थागत सुशासनमार्फत सहकारीलाई जोखिमरहित, डिजिटल, उत्पादनमुखी र अर्थतन्त्रको भरपर्दो आधारशिला बनाउने दृढ संकल्प गर्दै कांग्रेसले सहकारी र लघुवित्तको विकास, सुधार र सुरक्षाका लागि ९ बुँदे प्रतिज्ञा गरेको छ-

'१. सुदृढ नियमन र सुपरिवेक्षण : बचतकर्ताको सुरक्षा र ठगी विरुद्ध 'शून्य सहनशीलता' को नीतिलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत नियमन गर्न निम्न कार्यहरू गर्छौं- २५ करोड भन्दा माथि कारोबार गर्ने ऋण तथा बचत सहकारीको हकमा नेपाल राष्ट्र बैंकले नियमन गर्ने व्यवस्था गर्छौं। संघ, प्रदेश र स्थानीय तहबिचको दोहोरोपन हटाउन र नियमनलाई प्रभावकारी बनाउन प्राविधिक जनशक्ति र डिजिटल प्रविधिसहितको सुपरिवेक्षण प्रणाली लागु गर्छौं। बचतकर्ताको रकमको सुरक्षा गर्न पारदर्शी हिसाब-किताब, नियमित अडिट, डिजिटल ट्र्याकिङ, जोखिमको पूर्वसंकेत प्रणाली र ठगीलाई कारबाहीको व्यवस्था गर्छौं।

२. साना बचतकर्ताको बचत फिर्ता : समस्याग्रस्त सहकारीहरूको बचतकर्ताको बचतको फिर्ता गर्ने निम्न कार्यहरू गर्छौं- पाँच लाखसम्मका साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गरी प्राधिकरणमार्फत फिर्ता गर्छौं। ठुला बचतकर्ताहरूको बचत रकम कानुन बमोजिम स्रोत खुलाई करको दायरामा ल्याई फिर्ताको लागि सहजीकरण गर्छौं। सहकारीको रकम ठगी गर्नेको सम्पत्ति जफत गरी बचत फिर्ता गर्ने कानुनी सुनिश्चितता गर्छौं।

३. समस्याग्रस्त सहकारी केन्द्रित प्रयास : समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाहरूको सम्बन्धमा निम्न कार्यहरू गर्छौं। पछिल्लो कारोबारको आधारमा अलग अलग कार्यसमूह बनाई सम्पत्ति दायित्वको फरफारक गर्ने देखि पुनःसञ्चालन वा खारेजीको सिफारिसको अधिकार दिने व्यवस्था गर्छौं। नियतवश नतिर्ने ऋणको बैंक खाता रोक्का राख्ने र सरकारी सेवामा रोक, निर्वाचनमा उम्मेदवार बन्न नपाउने गरी कानुनी व्यवस्था गर्छौं। सहकारीलाई निजी व्यवसायजस्तो चलाउने, स्वार्थ समूहले कब्जा गर्ने र सदस्य हितविरुद्ध निर्णय गर्ने प्रवृत्तिलाई कानुनी दायरा ल्याएर कारबाही गर्छौं।

४. तहगत अधिकार र नियमन : संविधानको अनुसूचीहरूमा व्यवस्था भएको आधारमा सहकारी संस्थाको नियमन र मापदण्ड सङ्घले बनाउने, प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता तथा अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाउने प्रावधान स्पष्ट गर्छौं।

५. बचतको बिमा : बचत तथा ऋण सहकारी संस्थाहरूको निश्चित सीमासम्मको रकमको बिमा अनिवार्य गर्छौं।

६. पूर्ण डिजिटल सहकारी : सबै सहकारीका कारोबार र सूचना प्रणालीलाई पूर्ण डिजिटल अभिलेखीकरण अनिवार्य गर्दै नियामक निकायले रियलटाइम अनुगमन गर्न सक्ने 'एकीकृत डिजिटल प्रणाली' लागु गर्छौं।

७. एक गाउँ, एक उत्पादन : सहकारीलाई उत्पादन र निर्यातमा सहभागी बनाउन विशेष सहुलियत र अनुदानको व्यवस्था गर्दै 'एक गाउँ, एक उत्पादन' को अवधारणालाई गाउँ-गाउँमा पुऱ्याउने व्यवस्था गर्छौं।

८. संसदीय छानबिन प्रतिवेदनको पूर्ण कार्यान्वयन : सहकारीका सम्बन्धमा अध्ययन गर्न बनेका कार्यदलका आवश्यक र संसदीय छानबिन समितिका प्रतिवेदनहरूलाई पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्यायको प्रत्याभूति गर्छौं।

९. लघुवित्त र मिटरब्याज पीडितका लागि नेपाली कांग्रेसको प्रतिज्ञाः लघुघिवित्त र मिटरव्याजमा देखिएको विसंगतिहरू र समस्याहरूलाई निराकरण गर्न निम्न कार्यहरू गर्छौं।'

उता, नेपाल कम्युनिस्ट पार्टी (एमाले) समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो फिर्ता गर्ने घोषणापत्रमा लेखेको छ। 'समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो, पारदर्शी र उत्तरदायी ढंगले फिर्ता गर्नेछौं। दोषीमाथि कडा कारबाही गर्दै दोषीबाट असुली हुने व्यवस्थासहित बचत फिर्ता ग्यारेन्टी कोष स्थापना गर्नेछौं' प्रतिज्ञापत्रको पृष्ठ नं.६२ मा उल्लेख गरिएको छ।' एमालेलेको चुनावी घोषणापत्रमा सहकारीलाई सुशासन, पारदर्शिता र सदस्यकेन्द्रित प्रणालीमा आधारित सुरक्षित, उत्पादनशील र विश्वासयोग्य आर्थिक स्तम्भका रूपमा विकास गर्दै पुनः स्थापित गर्ने प्रतिबद्धता जनाइएको छ। प्रतिनिधिसभा सदस्यको निर्वाचनको सन्दर्भमा एमालेले जारी गरेको घोषणापत्रमा भनिएको छ- 'सहकारीलाई सुशासन, पारदर्शिता र सदस्यकेन्द्रित प्रणालीमा आधारित सुरक्षित, उत्पादनशील र विश्वासयोग्य आर्थिक स्तम्भका रूपमा विकास गर्दै पुनः स्थापित गर्नेछौं। कृषि, उत्पादन, मूल्य शृङ्खला, प्रशोधन, भण्डारण र बजार व्यवस्थापनको केन्द्रमा राखी सहकारीमार्फत ग्रामीण अर्थतन्त्र सुदृढ गर्नेछौं। सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्णरूपमा डिजिटल बनाउनेछौं। सहकारीको व्यावसायीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र ई-कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्नेछौं। दीर्घकालीन राष्ट्रिय सहकारी नीतिमार्फत सुरक्षित बचत, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको आधार तयार गर्नेछौं।

समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो, पारदर्शी र उत्तरदायी ढंगले फिर्ता गर्नेछौं। दोषीमाथि कडा कारबाही गर्दै दोषीबाट असुली हुने व्यवस्थासहित बचत फिर्ता ग्यारेन्टी कोष स्थापना गर्नेछौं। संघ, प्रदेश र स्थानीय तहबिच कार्यक्षेत्र स्पष्ट गरी सहकारी नियमनलाई एकीकृत, सरल र प्रभावकारी बनाउनेछौं तथा दोहोरोपन हटाउनेछौं। वित्तीय कारोबार गर्ने सहकारीको कडा निगरानीका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई आवश्यक कानुनी अधिकार, आधुनिक प्रविधि र दक्ष जनशक्ति प्रदान गर्नेछौं। ठगी, अपचलन र गैरकानुनी गतिविधिमा शून्य सहनशीलता अपनाउनेछौं। कृषि, मूल्य शृङ्खला, प्रशोधन, भण्डारण र बजार व्यवस्थापनमा सहकारीको नेतृत्वकारी भूमिका सुनिश्चित गर्नेछौं। दर्ता, प्रतिवेदन, अनुगमन र सूचना व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्नेछौं। सहकारी उत्पादनलाई ब्रान्डिङ र ई कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्नेछौं। युवा, महिला, श्रमिक र सीमान्तकृत समुदाय लक्षित सहकारीमार्फत रोजगारी र स्वरोजगार सिर्जना गर्नेछौं। बन्द तथा निष्क्रिय सहकारीबाट कर्जा लिई धितो रोक्कामा परेका ऋणीहरूको समस्या समाधान गर्न विशेष कानुनी संयन्त्र लागू गर्नेछौं। सहकारी अभियन्ता, सञ्चालक, कर्मचारी तथा नियामकका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछौं। सहकारी प्रशासनलाई व्यावसायिक, उत्तरदायी र विशिष्ट सार्वजनिक सेवाका रूपमा विकास गर्नेछौं।'

यस्तै, अर्को प्रमुख राजनीतिक दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को ५६ पृष्ठको चुनावी 'प्रतिज्ञापत्र' मा बचत तथा सहकारीको प्रभावकारी सुपरीवेक्षणको व्यवस्था गर्ने उल्लेख छ। नेकपाले प्रतिज्ञापत्रमार्फत बचतकर्ताहरूले कम्तीमा पनि तोकिएको न्यूनतम सावाँ फिर्ता पाउने प्रत्याभूति सहितको विशेष पुनरुत्थान प्याकेज कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएको छ। 'सहकारी क्षेत्रको पुनरुत्थानको लागि संक्रमण प्रभावबाट प्रभावित भई कार्य सञ्चालन सुचारु हुन नसकेका असल सहकारी संस्थाहरूको निमित्त बचतकर्ताहरूको कम्तीमा पनि तोकिएको न्यूनतम साँवा फिर्ता पाउने प्रत्याभूति सहितको विशेष पुनरुत्थान प्याकेज कार्यान्वयनमा ल्याइनेछ', नेकपाको प्रतिज्ञापत्र पृष्ठ १६ मा उल्लेख छ।

यसरी राजनीतिक दलहरूको घोषणापत्रमै सहकारीका बचतकर्ताको रकम फिर्ता गर्ने व्यहोरा महत्त्वका साथ उल्लेख हुनु सकारात्मक भएको टिप्पणी गर्दै त्यसका लागि स्रोत व्यवस्थापन सुनिश्चित हुनुपर्नेमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा. खगराज शर्माले जोड दिएका छन्। बचत रकम हिनामिना गर्ने व्यक्तिहरूमा सञ्चालक र कर्मचारी नै बढी भएकाले त्यसको प्रत्यक्ष मारमा सोझासाझा बचतकर्ता परेको उनको विश्लेषण छ। ठूला बचत हिनामिना सञ्चालक र कर्मचारीबाट भएकाले त्यस्ता व्यक्तिहरूको सम्पत्ति रोक्का, स्थानहद तथा नागरिकता रोक्का गरी सम्बन्धित व्यक्तिको जायजेथा, संस्थाको सम्पत्तिबाट उठाउनुपर्नेमा शर्माले जोड दिएका छन्।

राजनीतिक दलहरूको घोषणापत्रमा सहकारी समस्या समाधानका लागि प्राथमिकता दिइए तापनि स्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा कसैको घोषणापत्रमा पनि स्पष्ट नभएको उनले बताए। 'हिनामिना गर्नेहरूको पहिचान गरेर स्रोतको व्यवस्थापन गर्नुपर्छ। बचतकर्ताको हिनामिना सञ्चालक र कर्मचारीबाटै भएका छन्। कतिपय कर्जा लिएर गएकाले पनि ब्ल्याकमेलिङ गरेका छन्,' डा. शर्माको भनाइ छ- 'यिनीहरूको मारमा कतिपय सोझासाझा बचतकर्ता परेका छन्, मूलतः जसले बदमासी गरेका छन् तिनको सम्पत्ति रोक्का राख्नुपर्ने हुन्छ। सञ्चालक-कर्मचारी सबैको सम्पत्ति रोक्का गर्नुपर्‍यो।'


**मतदान किन गर्ने ?**

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दूरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं